# लोक सेवा आयोग

## नेपाल न्याय, प्रशासन, लेखापरीक्षण, सङ्घीय संसद सेवा, विभिन्न समूह, राजपत्र अनङ्कित द्वितीय श्रेणी, खरिदार वा सो सरह (अप्राविधिक) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/५/७

समय: २ घण्टा ३० मिनेट पूर्णाङ्क: १००

पत्र: तृतीय

विषय: कार्य ज्ञान सम्बन्धी

तलका प्रश्नहरूको उत्तर **'खण्ड'** अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

### खण्ड - क अङ्क: ३५

१. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ अनुसार प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्ने जिम्मेवारी भएको पदाधिकारीले पदीय उत्तरदायित्व निर्वाह गर्दा ध्यान दिनुपर्ने विषयहरू के-के रहेका छन्? लेख्नुहोस्। ५

२. सूचनाको हक भन्नाले के बुझिन्छ? सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले सूचनाको हक सम्बन्धी के कस्तो व्यवस्था गरेको छ? उल्लेख गर्नुहोस्। १.५+३.५=५

३. राष्ट्रिय परिचय पत्र भन्नाले के बुझ्नुहुन्छ? नेपालमा राष्ट्रिय परिचय पत्र व्यवस्थापनका लागि गरिएका व्यवस्थाहरू उल्लेख गर्नुहोस्। १+४=५

४. निजामती सेवाको परिचय दिनुहोस्। निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० अनुसार कर्मचारीलाई हुने सजाय र कर्मचारीले पालना गर्नुपर्ने आचरणसम्बन्धी व्यवस्था उल्लेख गर्नुहोस्। २+४+४=१०

५. विद्युतीय शासन प्रणाली (E-Governance) भनेको के हो? यसका उद्देश्यहरू उल्लेख गर्दै नेपालमा विद्युतीय शासन प्रणाली अन्तर्गत प्रयोगमा ल्याइएको नागरिक एप (Nagarik App) का फाइदाहरू बारे चर्चा गर्नुहोस्। २+४+४=१०

### खण्ड - ख अङ्क: ३५

६. बजेटको परिचय दिँदै बजेट निर्माण प्रक्रिया उल्लेख गर्नुहोस्। २+३=५

७. एकल खाता कोषको परिचय दिँदै यसको विशेषता र महत्त्वमाथि प्रकाश पार्नुहोस्। १+१.५+२.५=५

८. मूल्य अभिवृद्धि करमा करकट्टी भन्नाले के बुझिन्छ? नेपालमा करकट्टी गर्न नपाइने वस्तु तथा सेवाहरू उल्लेख गर्नुहोस्। २+३=५

९. सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम सार्वजनिक निकाय भन्नाले के बुझिन्छ? सार्वजनिक खरिद कार्यमा संलग्न सार्वजनिक निकायका पदाधिकारीले पालना गर्नुपर्ने आचरण सम्बन्धमा स्पष्ट पार्नुहोस्। ४+६=१०

१०. लेखापरीक्षण भन्नाले के बुझिन्छ? लेखापरीक्षणका प्रकारको चर्चा गर्दै अन्तिम लेखापरीक्षण र आन्तरिक लेखापरीक्षण बिचको भिन्नता छुट्याउनुहोस्। २+३+५=१०

### खण्ड - ग अङ्क: ३०

११. हकदैयाको सिद्धान्त भनेको के हो? अदालती प्रक्रियामा हकदैया सम्बन्धी अवधारणाको महत्त्व किन रहन्छ? लेख्नुहोस्। २+३=५

१२. कानून भनेको के हो? कानूनका स्रोतहरू के-के हुन्? लेख्नुहोस्। २+३=५

१३. नेपालको संविधानले सर्वोच्च अदालतलाई प्रदान गरेको असाधारण अधिकार क्षेत्र (Extra ordinary jurisdiction) बारे उल्लेख गर्दै मौलिक हकको संरक्षणमा यसको महत्त्व उल्लेख गर्नुहोस्। ६+४=१०

१४. अदालती प्रक्रियामा प्रारम्भिक सुनुवाइ (Preliminary hearing) किन गरिन्छ? यसका मूलभूत पक्षहरू के-के हुन्? उल्लेख गर्दै यसले मुद्दाका पक्षहरूलाई के-कस्तो फाइदा पुऱ्याउँछ? संक्षिप्तमा चर्चा गर्नुहोस्। ३+३+४=१०

<<समाप्त>>